श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. २५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।**

कानून व्यवसायी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: कानून व्यवसायी ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "कानून व्यवसायी (दोस्रो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. कानून व्यवसायी ऐन, २०२५ को दफा ४ मा संशोधन: कानून व्यवसायी ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ:—

"४. वरिष्ठ अधिवक्ताको रूपमा दरिन आवश्यक योग्यता: (१) कुनै स्वीकृत विश्वविद्यालयबाट कानूनको स्नातकोपाधि प्राप्त गरी अधिवक्ताको रूपमा दश वर्षसम्म उच्च तहको अदालतमा अटूट रूपमा वकालत गरेको तथा योग्यता, अनुभव, व्यावसायिक, आचरण र कानून व्यवसायको क्षेत्रमा नेतृत्व र ठोस देन प्रदान गरेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा सर्वोच्च अदालतको फूलकोर्टबाट योग्य ठहरिएका व्यक्तिलाई सम्मानको रूपमा वरिष्ठ अधिवक्ताको रूपमा दर्ता गर्न सकिनेछ ।

(२) कुनै व्यक्तिले वरिष्ठ अधिवक्ता हुनको लागि मनसुन गरेको प्रमाणित भएमा वरिष्ठ अधिवक्ताको रूपमा दरिन निज अयोग्य भएको मानिनेछ ।"

३. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:–

"५. अधिवक्ताको रूपमा दरिन आवश्यक योग्यता: देहायको योग्यता भएको कुनै व्यक्ति अधिवक्ताको रूपमा दरिन योग्य हुनेछ:–

(क) कुनै स्वीकृत विश्वविद्यालयबाट कानूनमा स्नातकोपाधि प्राप्त गरेको,वा

(ख) सर्वोच्च अदालतको अतिरिक्त न्यायाधीश वा क्षेत्रीय अदालतको न्यायाधीश वा अतिरिक्त न्यायाधीश भई काम गरिसकेको, वा

(ग) कम्तीमा अञ्चल न्यायाधीश, अतिरिक्त अञ्चल न्यायाधीश वा सरकारी अधिवक्ता भई तीन वर्षसम्म अटूट रूपमा काम गरिसकेको, वा

(घ) अभिवक्ताको रूपमा दरिएर कम्तीमा पाँच वर्षसम्म अटूट रूपमा काम गरिसकेको र दफा १० बमोजिमको परीक्षामा उत्तीर्ण भएको ।"

४. मूल ऐनको दफा ६ मा संशोधन: मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ:–

"६. अभिवक्ताको रूपमा दरिन आवश्यक योग्यता: नेपाल न्याय सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा रही काम गरिसकेको वा त्रिभुवन विश्वविद्यालयबाट कानूनको प्रमाणपत्र-स्तरको परीक्षा उत्तीर्ण भएको वा देहायको योग्यता भई दफा १० बमोजिमको परीक्षामा उत्तीर्ण भएको कुनै व्यक्ति अभिवक्ताको रूपमा दरिन योग्य हुनेछ:–

(क) राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी वकीलको पदमा रही तीन वर्षसम्म अटूट रूपमा काम गरिसकेको, वा

(ख) अभिकर्ताको रूपमा दरिई तीन वर्षसम्म अटूट रूपमा काम गरिसकेको, वा

(ग) कुनै स्वीकृत विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोपाधि प्राप्त गरेको ।"

५. मूल ऐनको दफा ७ मा संशोधन:– मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ:–

"७. अभिकर्ताको रूपमा दरिन आवश्यक योग्यता:– कुनै अदालतमा कम्तीमा राजपत्र अनंकित तृतीय श्रेणीको पदमा रही कम्तीमा सात वर्षसम्म अटूट काम गरेको वा देहायको योग्यता भई दफा १० बमोजिमको परीक्षामा उत्तीर्ण भएको कुनै व्यक्ति अभिकर्ताको रूपमा दरिन योग्य हुनेछ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै अदालतमा कम्तीमा राजपत्र अनंकित तृतीय श्रेणीको पदमा रही तीन वर्षसम्म अटूट रूपमा काम गरिसकेको, वा

(ख) मुद्दा-मामिला हेर्ने पाउने अड्डा वा कार्यालयमा कम्तीमा राजपत्र अनंकित तृतीय श्रेणीको पदमा रही तीन वर्षसम्म अटूट रूपमा मुद्दा-मामिलाको काम गरिसकेको, वा

(ग) एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण भएको, वा

(घ) दफा १८ क. अन्तर्गत लेखापढीको प्रमाणपत्र प्राप्त गरेको।

६. मूल ऐनको दफा ८ मा संशोधनः–मूल ऐनको दफा ८ को अन्तमा देहायको वाक्यांश थपिएको छः–

"कानून व्यवसायीको रूपमा दरिएपछि त्यस्तो सजाय पाएमा वा सजाय पाएको थाहा हुन आएमा दर्ता खारेज हुनेछ।"

७. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को,–

(१) उप-दफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर वरिष्ठ अधिवक्ताको रूपमा दरिन निवेदनपत्र दिनु पर्ने छैन।"

(२) उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) यस दफाबमोजिम दिइने निवेदनपत्र तथा प्रमाणपत्रको ढाँचा, कानून व्यवसायीले लिन पाउने पारिश्रमिक र तत्सम्बन्धी अन्य कुराहरू तोकिएबमोजिम हुनेछ।"

८. मूल ऐनको दफा १० मा संशोधन :– मूल ऐनको दफा १० को,–

(१) उप-दफा (१) झिकिएको छ।

(२) दफा ५ को खण्ड (घ), दफा ६ वा ७ बमोजिम अनुभव वा शैक्षिक योग्यता भै यस ऐनबमोजिम अधिवक्ता, अभिवक्ता वा अभिकर्ताको रूपमा दरिन चाहने व्यक्तिहरूको वर्षको एक पटक लिखित परीक्षा लिइनेछ।

तर, दफा ८ बमोजिम अयोग्य भएका व्यक्तिहरूलाई परीक्षामा बस्ने अनुमति दिइनेछैन।

९. मूल ऐनको दफा १२ मा संशोधनः– मल ऐनको दफा १२ को उप-दफा (१) र (२) मा रहेको प्रतिबन्धात्मक वाक्याँशहरू झिकिएका छन्।

१०. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को उप-दफा (२) पछि देहायको उप-दफा (३) थपिएको छः–

"(३) यस दफाको कुनै कुराले अनावश्यक र असम्बद्ध बहसमा रोक लगाउन, अनावश्यक लामो वहसलाई छोट्याउन र आवश्यकतानुसार बसहको सट्टामा वा थपमा लिखित वहस पेश गराउने न्यायाधीशको अधिकारलाई असर पार्ने छैन।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल ऐनको दफा १४ मा संशोधनः– मूल ऐनको दफा १४ को उप-दफा (३) मा रहेको "कुनै कुरा" भन्ने शब्दहरूको सट्टा "समेत कुनै कुरा" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल ऐनको दफा १७ मा संशोधनः– मूल ऐनको दफा १७ को,–

(१) उप-दफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) कुनै खास अवधि तोकी सो अवधिसम्म निजले कानून व्यवसायीको रूपमा कुनै अदालतमा उपस्थित हुन, पैरवी गर्न, बहस गर्न वा दफा १८ बमोजिमको लेखापढी गर्न नपाउने गरी निजको प्रमाणपत्र निलम्बन गर्ने, वा"

(२) उप-दफा ४ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क १) क्षेत्रीय अदालतका रजिष्ट्रार, वा"

१३. मूल ऐनको दफा १८ मा संशोधनः– मूल ऐनको दफा १८ को उप-दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश (ख १) थपिएको छः–

"(ख १) कैदी थुनुवाले अदालतमा पेश गर्ने लिखतका हकमा घूस, जालसाजी वा कीर्तेमा सजाय पाएका बाहेक जोसुकैद्वारा लेखाई पेश गर्न सक्नेछ ।"

१४. मूल ऐनमा दफा १८ क. र १८ ख. थपः– मूल ऐनको दफा १८ पछि देहायको दफा १८ क. र १८ ख. थपिएका छन्ः–

"१८ क. अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्रः– दफा १८ को उप-दफा (१) मा उल्लेख भएका लिखतहरू बाहेक अड्डा अदालतमा पेश हुने निवेदनपत्र, दर्खास्त, वारिसनामा जस्ता लिखतहरू लेख्न तथा अड्डा अदालतबाट लिखतहरूको नक्कल सार्ने काम गर्नको निमित्त प्रमाणपत्र लिन सकिनेछ । त्यस्तो प्रमाणपत्र दिने अधिकारी, प्रमाणपत्रको ढाँचा, दस्तूर, खारेजी, लिन पाउने पारिश्रमिक तथा तत्सम्बन्धी अन्य कुराहरू तोकिएबमोजिम हुनेछ ।

तर, यस दफामा लेखिएको कुनै कुराले प्रमाणपत्र नभएका व्यक्तिहरूले त्यस्तो लिखतहरू लेख्न वा नक्कल सार्न बाधा पुऱ्याएको मानिनेछैन ।

यो दफा २०३५ साल वैशाख १ गतेदेखि प्रारम्भ हुनेछ ।

१८ ख. कानून व्यवसायी र लेखापढीको प्रमाणपत्र पाएका बाहेक अरूले लेख्न नहुनेः– दफा १८ लागू नभएको क्षेत्रमा सोही दफाको उप-दफा (१) बमोजिम कानून व्यवसायीले मात्र लेख्न हुने लिखतहरू दफा १८ क. लागू भएपछि कानून व्यवसायी र सोही दफा अन्तर्गत लेखापढीको प्रमाणपत्र पाएका व्यक्तिले बाहेक अरूले लेख्न पाउनेछैन ।"

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव